厚生労働省 ひと、くらし、みらいのために
Ministry of Health, Labour and Welfare

नेपाली भाषा संस्करण / ネパール語版

# माई नम्बर कार्ड (My Number Card) लाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्ने बारेमा


नेपाली भाषा संस्करण (जुलाई 2025 को)

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय, बीमा प्राधिकरण

Ministry of Health, Labour and Welfare of Japan

# जापानको स्वास्थ्य बीमा प्रणालीको रुपरेखा

जापानको स्वास्थ्य बीमा प्रणालीमा आबद्ध हुनु पर्ने व्यक्ति सबैले बीमा प्रिमियम तिर्नुपर्ने हुनाले निश्चित रकम आफूले बेहोरेर स्वास्थ्य सेवा प्राप्त गर्न सक्छन्। आबद्ध हुनु पर्ने व्यक्तिहरूमा जापानी नागरिकहरू मात्र नभई 3 महिनाभन्दा बढी बसाइ अवधि आदि निश्चित आवश्यकताहरू पूरा गर्ने विदेशीहरू पनि पर्छन्।
वास्तवमा स्वास्थ्य सेवा प्राप्त गर्दा कुन स्वास्थ्य सेवा संस्था वा फार्मेसीबाट लिने भनेर छनौट गर्न आबद्ध हुनु पर्ने व्यक्तिहरू स्वतन्त्र हुन्छन्।



# स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा सेवा लिने तरिका

आफ्नो माई नम्बर कार्ड (My Number Card) आदि मार्फत आफ्नो योग्यता प्रमाणित गरेमा तपाईंले 10% देखि 30% आफूले बेहोरेर चिकित्सा उपचार प्राप्त गर्न सकिन्छ।

## स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा स्वास्थ्य बीमा प्रमाणपत्र प्रमाणित गर्ने

स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा सेवा लिने समयमा


- **माई नम्बर कार्ड (My Number Card)**
- **स्वास्थ्य बीमा कार्ड** *
- **योग्यता पुष्टि पत्र** *

मध्ये कुनै एउटा तरिकाले आफ्नो योग्यता जाँच गर्न सक्नुहुन्छ।


( * ) यदि तपाईंसँग माई नम्बर कार्ड (My Number Card) छैन वा त्यसलाई स्वास्थ्य बीमा कार्डको रूपमा दर्ता गर्नुभएको छैन भने, तपाईंले आफ्नो स्वास्थ्य बीमा कार्ड (सबभन्दा बढी डिसेम्बर 1, 2025 सम्म) वा योग्यता पुष्टि पत्र (डिसेम्बर 2, 2024 पछि जारी गरिएको) प्रयोग गर्नुपर्नेछ।

यसो गर्नाले स्वास्थ्य सेवा खर्चको 100% तिर्नुपर्ने नभइ **30% मात्र आफूले बेहोरेर 6 वर्ष देखि 69 वर्षसम्मका** व्यक्तिहरूले चिकित्सा जाँच प्राप्त गर्न सक्नुहुनेछ।
त्यस बाहेकका व्यक्तिहरूले पनि आफ्नो उमेर र आम्दानी अनुसार 10%, 20%, वा 30% बेहोरेर चिकित्सा जाँच गराउन गर्न सक्छन्।

### माई नम्बर कार्ड (My Number Card)




### स्वास्थ्य बीमा कार्ड (डिसेम्बर 1, 2025 सम्म)




### योग्यता पुष्टि पत्र (डिसेम्बर 2, 2024 बाट)



# माई नम्बर कार्ड (My Number Card) प्राप्त गर्ने तरिकाहरू बारे

माई नम्बर कार्ड (My Number Card) प्राप्त गर्नको लागि आवेदन गर्ने 4 तरिकाहरू छन्।

## स्मार्टफोन (जापानी भाषा मात्र)

1. स्मार्टफोनबाट आफ्नो अनुहारको फोटो खिच्नुहोस् (तपाईं प्रक्रियाको क्रममा पनि फोटो खिच्न सक्नुहुन्छ।)
2. आफ्नो स्मार्टफोनबाट व्यक्तिगत नम्बर सूचनापत्रको **कार्ड जारी गर्ने आवेदनको लागि QR कोड** रिड गर्नुहोस्
3. प्रदर्शित हुने आवेदक लक्षित विशेष वेबसाइटमा आफ्नो इमेल आदि दर्ता गर्नुहोस्
4. तपाईंले आफ्नो इमेलमा आवेदक लक्षित विशेष वेबसाइटको URL प्राप्त गरेपछि त्यसमा आफ्नो अनुहारको फोटो दर्ता गरेर आवश्यक जानकारी प्रविष्ट गर्दै आवेदन पूरा गर्नुहोस्




**कार्ड जारी गर्ने आवेदनको लागि QR कोड**

## परिचयपत्र फोटो खिच्ने र प्रिन्ट गर्ने मेसिन

1. टच प्यानलबाट "個人番号カード申請 (व्यक्तिगत नम्बर कार्डको लागि आवेदन)" चयन गर्नुहोस्।
2. फोटोको लागि शुल्क रकम छिराउनुहोस् र व्यक्तिगत नम्बर सूचनापत्रमा दिइएको **कार्ड जारी गर्ने आवेदनको लागि QR कोड**लाई बारकोड रिडर माथि राख्नुहोस्
3. स्क्रिनमा देखाइएका निर्देशनहरू पालना गर्दै आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्
4. आफ्नो अनुहारको फोटो खिच्न र पेश गर्न स्क्रिनमा दिइएका निर्देशनहरू पालना गर्दै आफ्नो आवेदन पूरा गर्नुहोस्





**कार्ड जारी गर्ने आवेदनको लागि QR कोड**

## कम्प्युटर (जापानी भाषा मात्र)

1. डिजिटल क्यामेरा आदिले आफ्नो अनुहारको फोटो खिच्नुहोस्
2. आवेदन वेबसाइट * मा **आफ्नो आवेदन फारम ID (23 अंकको)** प्रविष्ट गरेर आफ्नो इमेल ठेगाना दर्ता गर्नुहोस्।
3. आवेदक लक्षित विशेष वेबसाइटको URL प्राप्त गरेपछि, आफ्नो अनुहारको फोटो दर्ता गर्नुहोस्, आवश्यक जानकारी प्रविष्ट गरेर आवेदन पूरा गर्नुहोस्

*( https://net.kojinbango-card.go.jp/ )




**आवेदन फारम ID (23 अंकको)**

## हुलाक

1. तपाईंको व्यक्तिगत नम्बर सूचनापत्रसँगै संलग्न आवेदन फारममा आवश्यक जानकारी भरेर **पछिल्लो 6 महिना भित्र** खिचिएको आफ्नो अनुहारको फोटो टाँस्नुहोस्
2. यसलाई सूचनापत्रसँगै संलग्न फिर्ता पठाउने खाममा राखेर हुलाकबाट पठाई आफ्नो आवेदन पूरा गर्नुहोस्



जारी गर्नको लागि आवेदन फारम | तपाईंको अनुहारको फोटो | फिर्ता पठाउने खाम

जापानी भाषा बाहेक अन्य भाषाहरूमा माई नम्बर कार्ड (My Number Card) जारी गराउने आवेदन फारमहरूको लागि कृपया वेबसाइट हेर्नुहोस्।

**वेबसाइटमा पहुँच गर्ने QR कोडको लागि यहाँ ⇒**

*आवेदन फारम डाउनलोड गर्ने र माई नम्बर कार्ड (My Number Card) सम्बन्धी जानकारीको लागि कृपया निम्न वेबसाइटमा जाँच गर्नुहोस्। (जापानी, अंग्रेजी, चिनियाँ, कोरियन, स्पेनिश र पोर्चुगिज भाषामा उपलब्ध)
https://www.kojinbango-card.go.jp/

# माई नम्बर कार्ड (My Number Card) लाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग दर्ता

माई नम्बर कार्ड (My Number Card) लाई स्वास्थ्य बीमा कार्डको रूपमा चलाउन प्रयोग दर्ता गर्न आवश्यक छ। दर्ता गर्ने निम्न प्रकार तरिकाहरू छन्।


## (1) स्वास्थ्य सेवा संस्था र फार्मेसीहरूमा दर्ता

स्वास्थ्य सेवा संस्था र फार्मेसीहरूमा दर्ता गर्ने प्रक्रिया निम्नानुसार छ। कृपया प्रक्रिया अनुसार गर्नुहोस्।

### आवश्यक पर्ने कुराहरू


- माई नम्बर कार्ड (My Number Card)

1





"दर्ता गर्नुहोस्" चयन गर्नुहोस्।

2




Mynaportal को प्रयोगका सर्तहरू जाँच गर्नुहोस् र समस्या नभए "सहमत भएर अगाडि बढ्नुहोस्" चयन गर्नुहोस्।

3




माई नम्बर कार्ड (My Number Card) लाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्न दर्ता सम्पन्न भएको छ। "अर्को" चयन गरेर सहमति स्क्रिनमा जानुहोस्।

# माई नम्बर कार्ड (My Number Card) लाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग दर्ता

माई नम्बर कार्ड (My Number Card)लाई स्वास्थ्य बीमा कार्डको रूपमा चलाउन प्रयोग दर्ता गर्न आवश्यक छ। दर्ता गर्ने निम्न प्रकार तरिकाहरू छन्।

## (2) माईनापोर्टल (Mynaportal) मा पूर्व-दर्ता

### आवश्यक पर्ने कुराहरू

- माई नम्बर कार्ड (My Number Card)
- प्रयोगकर्ता प्रमाणीकरण पासवर्ड
- स्मार्टफोन
- Mynaportal एप इन्स्टल

### दर्ता गर्ने स्टेपहरू

*कृपया स्क्रिनको चित्रहरू पछ्याउँदै निम्न स्टेपहरू प्रयोग गरेर दर्ता गर्नुहोस्।

① Mynaportal एप खोलेर लगइन गर्नुहोस् र "प्रमाणपत्रहरू" अन्तर्गत "स्वास्थ्य बीमा कार्ड" चयन गर्नुहोस्।

② यदि "माई नम्बर कार्ड (My Number Card) प्रयोग" मा रातो अक्षरले "दर्ता नभएको" भनेर लेखिएको छ भने "दर्ता गर्नुहोस्" चयन गर्नुहोस्।

③ यदि दर्ता गर्न समय लाग्ने भएमा "दर्ता हुँदै" भनेर प्रदर्शित हुनेछ।

④ "माई नम्बर कार्ड (My Number Card) प्रयोग" को स्थिति "दर्ता सम्पन्न" मा परिवर्तन भएपछि दर्ता पूरा हुन्छ।

### Mynaportal मा लगइन गर्नुहोस्

- "Mynaportal एप" इन्स्टल गर्नुहोस्
- लगइन गर्न आवेदकको माई नम्बर कार्ड (My Number Card) प्रयोग गर्नुहोस्।

iOS

Android

यदि 2D बारकोड रिड गर्न सक्नुहुन्न भने, "Mynaportal" मा खोज्नुहोस्।

[स्क्रिनको चित्र]



# माई नम्बर कार्ड (My Number Card) प्रयोग गरेर चिकित्सा जाँच गराउने तरिका

स्वास्थ्य बीमा कार्डको रूपमा दर्ता गरिएको आफ्नो माई नम्बर कार्ड (My Number Card) प्रयोग गरेर कुनै स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा चिकित्सा जाँच गराउँदा अनुहार पहिचान फङ्सन भएको कार्ड रिडर * प्रयोग गरेर तपाईंको पहिचान र योग्यता जाँच गरिनेछ।

*अनुहार पहिचान फङ्सन भएको कार्ड रिडर भनेको IC चिपबाट तपाईंको माई नम्बर कार्ड (My Number Card)मा रहेको अनुहारको फोटो डेटा रिड गर्न सक्ने र काउन्टरमा खिचिएको "व्यक्तिको अनुहारको फोटो" सँग त्यो "अनुहारको फोटो डेटा" तुलना गरेर तपाईंको पहिचान प्रमाणित गर्न सक्ने कार्ड रिडर हो।

## अस्पताल जाने

①आफ्नो माई नम्बर कार्ड (My Number Card) राख्नुहोस्



### अनुहार पहिचान कार्ड रिडरका प्रकारहरू



## पहिचान पुष्टिकरण

②आफ्नो पहिचान पुष्टिकरण गर्ने विधि छनौट गर्नुहोस्

**अनुहार पहिचान**



**पिन कोड (4 अंक)**





*नम्बरको स्थानहरू साटासाट गरिनेछ

## सहमतिको पुष्टिकरण


③चिकित्सा उपचार, औषधि, विशिष्ट स्वास्थ्य जाँच जानकारी आदिको प्रयोग पुष्टिकरण गर्नुहोस् र चयन गर्नुहोस्।

*इलेक्ट्रोनिक प्रिस्क्रिप्शनहरू जस्ता अन्य पुष्टिकरण र सहमतिका बुँदाहरू पनि समावेश हुन सक्छन्।




## दर्ता सम्पन्न भयो

④निम्न स्क्रिन देखा पर्यो भने तपाईंको दर्ता सम्पन्न गरिएको छ।



# सहमतिका बुँदाहरूको बारेमा

अनुहार पहिचान गर्ने फङ्सन भएको कार्ड रिडर प्रयोग गरेर दर्ता गर्दा तपाईंलाई पहिले निर्धारित औषधि र विशेष स्वास्थ्य जाँच आदिको बारेमा जानकारी डाक्टर वा फार्मासिस्टलाई प्रदान गर्न सहमत हुनुहुन्छ भने, तपाईंको सहमति पुष्टि गर्न भनिने छ।

### सहमति विधिको पुष्टिकरण

過去の医療情報等の提供に同意しますか。【手術 / 診療、お薬 / 検診】

यस संस्थालाई आफ्नो विगतको स्वास्थ्य सेवा जानकारी आदि प्रदान गर्न सहमत हुनुहुन्छ? [शल्यक्रिया/चिकित्सा, औषधि/जाँच]

**सबैमा सहमत**
全て同意する

**अलग अलग सहमति**
個別に同意する

### ● अलग अलग सहमति स्क्रिन

| शल्यक्रिया | शल्यक्रिया बाहेकको चिकित्सा र औषधि सम्बन्धी जानकारी | औषधिको जानकारी | स्वास्थ्य जाँचको जानकारी |
|---|---|---|---|
| 過去の手術情報を、当機関に提供することに同意しますか。 | 過去の手術以外の診療・お薬情報を、当機関に提供することに同意しますか。 | 過去のお薬情報を当機関に提供することに同意しますか。 | 過去の健診情報を、当機関に提供することに同意しますか。 |
| यस संस्थालाई आफ्नो विगतको शल्यक्रिया सम्बन्धी जानकारी प्रदान गर्न सहमत हुनुहुन्छ? | यस संस्थालाई विगतका शल्यक्रियाहरू बाहेक अन्य चिकित्सा र औषधि जानकारी प्रदान गर्न सहमत हुनुहुन्छ? | यस संस्थालाई आफ्नो विगतको औषधि जानकारी प्रदान गर्न सहमत हुनुहुन्छ? | यस संस्थालाई आफ्नो विगतको चिकित्सा परीक्षणको जानकारी हामीलाई प्रदान गर्न सहमत हुनुहुन्छ? |
| **सहमत छु** 同意する | **सहमत छु** 同意する | **सहमत छु** 同意する | **सहमत छु** 同意する |
| **सहमत छैन** 同意しない | **सहमत छैन** 同意しない | **सहमत छैन** 同意しない | **सहमत छैन** 同意しない |

*स्क्रिनको डिजाइन र प्रदर्शित हुने शब्दहरू सुविधा र निर्माता अनुसार फरक हुन सक्छ।

### सबैमा सहमत

यदि तपाईंले आफ्नो विगतको सबै स्वास्थ्य सेवा जानकारी प्रदान गरे पनि कुनै समस्या छैन भने, कृपया माथिको बटन चयन गर्नुहोस्। **एकै साथ सहमति पूरा हुनेछ।**

### अलग अलग सहमति

तपाइंले प्रदान गर्ने जानकारीलाइ साँघुरो बनाउन चाहनुहुन्छ भने तलको बटन चयन गर्नुहोस्। त्यसपछि, तपाईंलाई शल्यक्रिया, औषधि, स्वास्थ्य जाँच आदि बारे क्रमशः जानकारी प्रदान गर्न भनिनेछ त्यसको प्रत्येकमा सहमतिको छनौट गर्नुहोस्।

# सहमतिका बुँदाहरूको बारेमा
# (यदि तपाईं उही स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा पुन: गएको अवस्थामा)

रिसेप्सनमा दर्ता गर्ने बेला कार्ड रिडरको सहमति प्राप्त गर्ने स्क्रिनमा तपाईं अहिलेसम्म जाने गरेको स्वास्थ्य सेवा संस्था वा फार्मेसीमा **पुन: गएको अवस्थामा** त्यहाँ अलग अलग दर्ता गर्नुभएको अघिल्लो सहमतिको स्थितिलाई निरन्तरता दिन सक्नुहुन्छ ।
*अन्य स्वास्थ्य सेवा संस्था वा फार्मेसीहरूसँग सहमतिको स्थिति साझा गरिने छैन।

### सहमति विधिको पुष्टिकरण

過去の医療情報等の提供に同意しますか。
【手術／診療、お薬／健診】

आफ्नो विगतको स्वास्थ्य सेवा जानकारी आदि प्रदान गर्न सहमत हुनुहुन्छ?
[शल्यक्रिया/चिकित्सा, औषधि/स्वास्थ्य जाँच]

**सबैमा सहमत**
全て同意する

**अलग अलग सहमति**
個別に同意する

❶

### सहमतिको स्थितिलाई निरन्तरता

過去の医療情報等の提供に同意しますか。

आफ्नो विगतको स्वास्थ्य सेवा जानकारी आदि प्रदान गर्न सहमत हुनुहुन्छ?

現在の同意状況をみる
**वर्तमानको सहमतिको स्थिति हेर्ने**

❷

現在の同意状況を引き継ぐ
**हालको सहमतिको स्थितिलाई निरन्तरता दिने**

❸

選択しなおす
**पुन: चयन गर्नुहोस्**

❹

### अघिल्लो सहमतिको स्थिति

・手術：〇
・診療、お薬：〇
・健診：〇

・शल्यक्रिया: सहमत छ
・चिकित्सा,औषधि: सहमत छ
・स्वास्थ्य जाँच:सहमत छ

**फिर्ता जाने**
戻る

● **अलग अलग सहमति स्क्रिन** : यस कागजातको पृष्ठ 8 मा रहेको "अलग अलग सहमति स्क्रिन" कै कुरा प्रदर्शित हुनेछ।

### अलग अलग सहमति दिनुभयो भने, तपाईंले आफ्नो पहिलेको सहमति जानकारीलाई निरन्तरता दिन सक्नुहुन्छ

❶: "अलग अलग सहमति दिने" मा क्लिक गरेर तपाईंले आफ्नो अघिल्लो सहमतिको स्थिति जाँच गर्न वा परिवर्तन गर्न सक्नुहुन्छ
❷: यदि सहमति जानकारी विगतमा दर्ता गरिएको छ भने, तपाईंले सहमति स्थिति जाँच गर्न सक्नुहुन्छ।
❸: "हालको सहमति जानकारी प्रयोगलाई निरन्तरता दिने" चयन गरेर, पहिलेको सहमति जानकारीकै विषयवस्तुले सहमति पूरा गरिनेछ।
❹: तपाईंले "पुन: चयन गर्नुहोस्" अनुसार आफ्नो अघिल्लो पटकको सहमतिको जानकारी परिवर्तन गर्न सक्नुहुन्छ (यस पटकको अस्पताल वा फार्मेसी जाँदाको सहमतिको जानकारी हुनेछ)

*स्क्रिनको डिजाइन र प्रदर्शित हुने शब्दहरू सुविधा र निर्माता अनुसार फरक हुन सक्छ।

# चिकित्सा जाँचको लागि माई नम्बर कार्ड (My Number Card) प्रयोग गर्नुका फाइदाहरू

चिकित्सा जाँचको लागि माई नम्बर कार्ड (My Number Card) प्रयोग गर्नुका मुख्य फाइदाहरू निम्न प्रकार छन्।




## डाटाको आधारित झनै राम्रो स्वास्थ्य सेवा प्राप्त हुन्छ

औषधि जानकारी आदि प्रदान गर्ने प्रावधानमा सहमति जनाएमा तपाईं पहिलो पटक जाँचको लागि जाँदा पनि आफ्नो औषधि पुस्तिका नदेखाईकन पहिला दिइएका औषधि र विशिष्ट स्वास्थ्य जाँचहरूको बारेमा जानकारी आफ्नो डाक्टर वा फार्मासिस्टसँग सहज रूपमा साझा गर्न सकिन्छ।




## कुनै प्रक्रिया बिना नै उच्च-लागत चिकित्सा हेरचाह खर्चको सीमा नाघेका भुक्तानीहरू छुट दिइन्छ।


माई नम्बर कार्ड (My Number Card) प्रयोग गरेर योग्यता प्रमाणित गरिने भएकोले तपाईंलाई कागजी प्रमाणपत्र ल्याउनु पर्दैन वा कुनै पनि प्रक्रियाहरू पार गर्नु पर्दैन, उच्च-लागत चिकित्सा हेरचाह खर्च सीमाभन्दा माथिको कुनै पनि भुक्तानीबाट छुट दिइनेछ।

### "उच्च-लागत चिकित्सा हेरचाह खर्च प्रणाली" भनेको के हो?

उच्च-लागत चिकित्सा हेरचाह खर्च प्रणाली भनेको एक महिनामा (महिनाको सुरुदेखि अन्त्यसम्म) स्वास्थ्य सेवा संस्था वा फार्मेसीको काउन्टरमा भुक्तानी गरिएको रकमले तोकिएको माथिल्लो सीमा नाघेको खण्डमा नाघेको रकम फिर्ता हुने प्रणाली हो। माई नम्बर कार्ड (My Number Card) प्रयोग गरेर योग्यता प्रमाणित गरेपछि उच्च-लागत चिकित्सा हेरचाह खर्च प्रणाली पनि लागू हुन्छ

# माई नम्बर कार्ड (My Number Card) प्रयोग गरेर रिसेप्सनमा दर्ता गर्न नसकेको खण्डमा

माई नम्बर कार्ड (My Number Card)लाई स्वास्थ्य बीमा कार्डको रूपमा प्रयोग गर्दा यदि अनुहार पहिचान गर्ने कार्ड रिडरको खराबी जस्ता कुनै कारणले योग्यता प्रमाणीकरण गर्न सकिएन भने पनि हामी निम्न अनुसार तपाईंको योग्यता प्रमाणित गर्नेछौं ।
यसो गर्नाले तपाईंले 100% बेहोर्नुपर्ने सट्टा अहिले सम्मको जतिकै खर्चमा चिकित्सा जाँच गराउन सकिन्छ।




मैले मेरो माई नम्बर कार्ड (My Number Card) प्रस्तुत गरें तर **रिसेप्सनमा दर्ता हुन सकेन**


## निम्न दुइ मध्ये कुनै एउटा प्रस्तुत गर्न सकेमा

### Mynaportal को स्क्रिन

*Mynaportal बाट डाउनलोड गरिएका PDF फाइलहरू पनि स्वीकार्य छन्




### योग्यता जानकारीको सूचना




**बायाँमा दिइएको कुनैपनि प्रस्तुत गर्न नसकेमा**

**पुनः जाँचको** अवस्थामा


### मौखिक पुष्टिकरण

यदि सुविधालाई योग्यता प्रमाणीकरण गर्न आवश्यक जानकारी थाहा छ भने, कर्मचारीले मौखिक रूपमा पुष्टि गर्नेछन्।



**पहिलो जाँचको** अवस्थामा

### बीमित व्यक्ति योग्यता प्रमाणीकरण पत्र




*कृपया कर्मचारीबाट फाराम लिएर भर्नुहोस्।

### "योग्यता जानकारीको सूचना" भनेको के हो?

यो माई नम्बर स्वास्थ्य बीमा कार्ड भएकाहरूलाई आवेदन नदिई जारी गरिने कागजात हो। यसले मात्रै चिकित्सा जाँच गराउन सकिँदैन। कुनै कारणले गर्दा तपाईंको योग्यता प्रमाणित गर्न असमर्थ भएको खण्डमा आफ्नो माई नम्बर कार्ड (My Number Card) सँगै सेटमा देखाउनुहोस्।

### "बीमित व्यक्ति योग्यता प्रमाणीकरण पत्र" भनेको के हो?

यदि कुनै कारणवश पहिलो पटक जाँच गराउन गएको स्वास्थ्य सेवा संस्था वा फार्मेसीले तपाईंको योग्यता प्रमाणित गर्न असमर्थ भएको खण्डमा र तपाईंसँग Mynaportal को स्क्रिन वा योग्यता जानकारीको सूचना नभएमा, तपाईंले भर्नुपर्ने कागजात हो।

# कल सेन्टरको बारेमा (विदेशी भाषा समर्थन)

यदि तपाईंसँग माई नम्बर कार्ड (My Number Card)को बारेमा कुनै प्रश्न वा समस्या छन् भने, कृपया तल सूचीबद्ध कल सेन्टरमा फोन सम्पर्क गर्नुहोस्।

⁎गलत डायल गरिने नम्बर कलहरूको संख्या बढ्दै गएको छ। कृपया गलत नम्बर डायल हुन नदिन पर्याप्त सावधान रहनुहोस्।

**① माईनम्बर कार्ड, व्यक्तिगत नम्बर सूचना र सूचना कार्डको बारेमा**
**② हराएको वा चोरी भएको कारण माईनम्बर कार्ड र इलेक्ट्रोनिक प्रमाणपत्र भएको स्मार्टफोनको प्रयोगमा अस्थायी निलम्बन**

**0120-0178-27**

**सम्पर्क समय**

अंग्रेजी, चिनियाँ, कोरियन, स्पेनिश, पोर्चुगिज

**सबै दिन 8:30 - 20:00**

थाई, नेपाली, इन्डोनेसियन, भियतनामी, तागालोग

**सबै दिन 9:00 - 18:00**

**⁎ ② को अस्थायी निलम्बन 24 घण्टा उपलब्ध छ।**

- ⁎ माथिको नम्बरमा सम्पर्क भएन भने: **0570-064-738** (स:शुल्क)
- ⁎ माथिका कुनै पनि नम्बरमा सम्पर्क भएन भने: **050-3818-1250** (स:शुल्क)
- ⁎ जापानी भाषामा सहयोग चाहिएमा: **0570-783-578** (स:शुल्क)
  सम्पर्क समय हरेक दिन 8:30 - 20:00

**माई नम्बर प्रणाली, Mynaportal**

**0120-0178-26**

**सम्पर्क समय**

अंग्रेजी, चिनियाँ, कोरियाली, स्पेनिश, पोर्चुगिज, थाई, नेपाली, इन्डोनेसियन, भियतनामी, तागालोग

| | |
|---|---|
| **सोमबार देखि शुक्रबार** | **9:30 - 20:00** |
| **शनिबार, आइतबार र बिदाका दिनहरू** | **9:30 - 17:30** |

⁎वर्षको अन्त र नयाँ वर्षको बिदा (डिसेम्बर 29 देखि जनवरी 3 सम्म) को अवधि बाहेक